आज मिति २०७५/१० /२३ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख भरत बहादुर के.सी.ज्युको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ३२ औं बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

श्री भरत बहादुर के.सी.........................नगर प्रमुख

श्री कमला बस्नेत .......................नगर उप प्रमुख

श्री रामकृष्ण उप्रेती ........................(.प्र. प्र.अ.) सचिव

श्री बिर बहादुर थामी .....................वडा अध्यक्ष भी.न.पा. १

श्री विराजमान श्रेष्ठ .................. वडा अध्यक्ष भी.न.पा. २

श्री हरिसरण शिवाकोटी ......... वडा अध्यक्ष भी.न.पा. ३

श्री हरिवंश चौलागाई ................ वडा अध्यक्ष भी.न.पा. ४

श्री रामचन्द्र बस्नेत ................ वडा अध्यक्ष भी.न.पा. ५

श्री नबिन कुमार लामा ................. वडा अध्यक्ष भी.न.पा. ६

श्री कैलाश कुमार श्रेष्ठ ............... वडा अध्यक्ष भी.न.पा. ७

श्री नकुल के.सी. ...........................वडा अध्यक्ष भी.न.पा. ८

श्री चित्र बहादुर भुजेल ....................वडा अध्यक्ष भी.न.पा. ९

श्री लालकृष्ण थामी .................... कार्यपालिका सदस्य

श्री दिपक धनुके...................... .कार्यपालिका सदस्य,

श्री सुमन सुनाम ..................... .कार्यपालिका सदस्य,

श्री रुपा शाही भुजेल .................. कार्यपालिका सदस्य,

श्री गौरी थामी .......................... कार्यपालिका सदस्य,

श्री मन्जु बिश्वकर्मा ............ कार्यपालिका सदस्य,

श्री जमुना श्रेष्ठ ......................... कार्यपालिका सदस्य,

श्री किरण वली..................... . कार्यपालिका सदस्य,

कार्यपालिकाको ३२ औ *बैठकका प्रस्ताब तथा निर्णयहरु*

*मिति २०७५/१०/२३*
समय : दिउसो १:०० बजे

१, चरिकोट खानेपानी तथा सरसफाई उपभोक्ता सस्थाको ऋण रकमको श्रोत र सिफारिस सम्बन्धमा ।

**निर्णय नं .१: प्रस्ताब नं . १** माथि छलफल गर्दा यस नगरपालिकाको वार्ड नं. २,३,४,५,६,र ७ मा साना शहरी खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गत संचालन हुने चरिकोट खानेपानी तथा सरसफाई उपभोक्ता सस्थाको कुल अनुमानित लागत रु ९७,२४,४६,१५४/८० ( सन्तानब्बे करोड चौबिस लाख छयालीस हजार एकसय चउन्न रुपैयाँ असि पैसा ) मध्ये सहरी खानेपानी तथा सरसफाई सेक्टर आयोजना ब्यबस्थापन कार्यालयबाट प्राप्त हुने अनुदान रकम ७५%का दरले हुने रु ७२,९३,३४,६१६/१० ( अक्षरुपी बहत्तर करोड तिरानब्बे लाख चौतिस हजार छ सय सोह्र रुपियाँ दश पैसा) सुनिश्चितता भैसकेको हुदा आयोजना सम्पन्न गर्नको लागि नपुग २५% रकम रु २४३१११५३८/७० (चौबिस करोड एकतिस लाख एघार हजार पाचसय अठ्तीस रुपियाँ सत्तरी पैसा ) ऋण स्वरूप नगर विकास कोष, काठमाडौँमा अनुरोध गर्ने र सो ऋण प्रक्रियालाई सहजीकरणको लागि ऋणको दायित्व सम्बन्धित सस्थाले लिनेगरी धन जमानी प्रदान गर्ने तथा मर्मत सम्भार कोष वापत उपभोक्ता समितिबाट रु १९४८९२३/१० (एक करोड चौरानब्बे लाख अठ्तीस हजार नौसय तेइस रुपैयाँ दश पैसा मात्र) ठेक्का संझौता हुदाका बखतसम्म उठाउनका लागि उपभोक्ता समितिलाई जानकारी गराउने निर्णय गारियो।

**निर्णय नं.२**: यस नगरपालिकाद्वारा संचालन गरिने दश लाख वा सो भन्दा माथिका योजनाहरु ठेक्का प्रणालीमा कार्यान्वयन गर्ने नीतिगत निर्णय भएतापनि विनियोजन ऐन २०७५ को अनुसूची ३ (२) मा विनियोजन भएको मन्जुश्री पार्क शिर्षकको रकम रु १०,००,०००/- (दश लाख मात्र ) वन संगको समन्वयमा कार्यान्वयन गर्नुपर्ने भएकोले उक्त योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं.३**: बिनियोजन ऐन २०७५ को अनुसूची ४ को दफा (२) को महांकाली भगवती मन्दिर भीमेश्वर ९ मा विनियोजित रु १५,००,०००/- (पन्द्र लाख ) बाट महांकाल भगवती मन्दिर क्षेत्रमा थप ब्यबस्थित गर्न आवश्यक जग्गा खरिद गरी बाकि रकमबाट घेराबार पर्खाल निर्माण गर्न तपशिल बमोजिमको जग्गा खरिद मूल्य निर्धारण तथा मुल्यांकन समिति गठन गरि खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

तपशिल

हरिवंश चौलागाईं .........संयोजक (संयोजक भौतिक पूर्वाधार समिति)
ई.शुरेस राउत ....................सदस्य
प्र.अ. माधव प्रसाद सुबेदी .......सदस्य
ले.अ. सुजन सुबेदी ................सदस्य
आ.ले.प.अ. ज्ञानु कुमार खड्का ......सदस्य सचिव (खरिद ईकाई प्रमुख )